नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
# व्यावसायिक तथा सीप बिकास तालिम प्रतिष्ठान
## बुटवल, रुपन्देही
(प्रथम पटक प्रकाशित मिति २०७७/११/१७)

आ .व. ०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम वमोजिमका विभिन्न विषयका तालिम कार्यक्रमहरु यस प्रतिष्ठानमा आसय पत्र पेश गरी सूचिकृत भएका तालिम प्रदायक संघ/सस्था, फर्म तथा कम्पनिहरु मार्फत संचालन गर्नु पर्ने भएकोले देहायमा उल्लेखित शर्तको अधिनमा रही **सार्वजनिक खरिद ऐन २०६३ को दफा ३१ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७१ मा भएको व्यवस्था बमोजिम** शिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्तावहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिनको (मिति २०७७१२२) गते कार्यालय समय भित्र नगदै दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई प्राविधिक र आर्थिक प्रस्ताव खरिद गरी नियमानुसार भरी आवश्यक कागजात समेत सिलवन्दी गरेर यस प्रतिष्ठानमा बुझाई सक्नु पर्नेछ। म्याद भित्र प्राप्त हुन आएका प्रस्तावहरु मिति २०७७१२२ गते दिनको ५:३० बजे प्रस्तावदाता वा निजको प्रतिनिधीको उपस्थितिमा (प्रस्तावदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि प्रस्ताव खोल्न बाधा परेको मानिने छैन) यस प्रतिष्ठानमा खोलिने ब्यहोरा अनुरोध छ।

### तालिमका विषयहरु

| क्र.सं. | तालिम कार्यक्रमको नाम | अवधि (घंटा) | संख्या | समुह संख्या | लागत अनुमान मु.अ.कर समेत | फाराम शुल्क | तालिम संचालन हुने स्थान |
|---|---|---|---|---|---|---|---|
| १ | अटोमेकानिक्स(अटोमोवाईल्स) | ३९० | २० | १ | ४८००००। | १०००। | कपिलवस्तु |
| २ | | ३९० | २० | १ | ४८००००। | १०००। | नवलपरासी पश्चिम |
| ३ | | ३९० | ४० | २ | ९६००००। | १०००। | रुपन्देही |

**प्रस्ताव फाराम खरिद गर्ने फर्म, संस्था वा कम्पनीको देहाय वमोजिम योग्यता हुनु पर्नेछ।**

क) फर्म, संस्था वा कम्पनी सम्वन्धित कार्य गर्ने गरी दर्ता र नविकरण गरिएको हुनुपर्नेछ।
ख) मु.अ.करमा दर्ता भई आ.व. ०७६/७७ सम्मको कर चुक्ता गरेको।
ग) कम्तिमा तीन वर्षको अडिट रिपोर्ट तथा आ.व. ०७६/७७ मा न्युनतम १० लाख भन्दा माथिको कारोवार भएका हुनु पर्ने।
घ) प्रस्ताव पेश गर्ने फर्म, संस्था वा कम्पनिको उद्धेश्य तालिमको विषयसँग मेल खाने हुनुपर्ने छ।
ङ) प्रचलित कानुन वमोजिम कुनै पनि कानुनी कारवाही नभएको कालो सुचिमा नपरेको स्व-घोषणा अनिवार्य हुनुपर्नेछ।
च) C.T.E.V.T वाट सम्वन्धित विषयमा सम्वन्धन प्राप्त गरी नविकरण गरेको हुनुपर्नेछ।
छ) एउटा तालिम प्रदायक संस्थाले वढीमा विभिन्न विषयका १२ ग्रुप सम्म तालिम संचालनका माग गर्न पाउने छ।
ज) जुन सस्थाको नाममा तालिम स्विकृत हुन्छ सोही संस्थाले तालिम संचालन गर्नु पर्नेछ, अर्को संस्था मार्फत काम गराउन पाईने छैन र सो कुराको प्रतिबद्धता पेश गर्नुपर्ने छ।
झ) तालिम संचालन गर्ने स्थान प्रतिष्ठानले तोके बमोजिम हुनेछ र संस्थाको कुनै शर्त राख्न पाईने छैन।
ञ) तोकिएको जिल्लामा गई स्थानिय तह एवं अन्य आवश्यक संघ संस्था सँग संस्था आफैले नै समन्नयन गर्नु पर्नेछ।
ट) प्राविधिक प्रस्तावको मूल्यांकन ८०% र आर्थिक प्रस्तावको मूल्यांकन २०% का दरले भार कायम गरिनेछ।
ठ) प्राविधिक प्रस्तावको न्यूनतम ७०% वा सो भन्दा बढी अंक प्राप्त गर्ने संस्थाको मात्र आर्थिक प्रस्ताव खोलिने छ।
ड) कबोल अंकमा मु.अ.कर समावेश गरिएको छ।
ढ) आर्थिक प्रस्ताव कवुल गरेको रकमको २.५% हुन आउने रकम धरौटी वापत कोष तथा लेखा नियन्त्रक कार्यालय, रुपन्देहीको कृषि विकास बैंकको धरौटी खाता नं. ०४१४३०१०१०१४२५३०२७ मा जम्मा गरी सक्कल भौचर कार्यालय कोड नं. ३०५०१४८०१ मा जम्मा गरेको भौचर वा बैंकबाट यस कार्यालयको नाममा जारी गरेको ६ महिना अवधि भएको बैंक ग्यारेन्टी वा विड वण्ड पेश गर्नुपर्नेछ। उपरोक्त बाहेक अन्य कुराहरु सार्वजनिक खारिद ऐन २०६३ नियमावली २०६४ (संशोधन सहित) बमोजिम हुनेछ।
ण) संस्थाले पेश गर्ने सम्पूर्ण कागजातहरु संस्थाको आधिकारिक व्यक्तिवाट प्रमाणित भै आउनु पर्नेछ। गोपनियता कायम हुनुपर्नेछ।
त) तालिम संचालन गर्ने नगर्ने अन्तिम निर्णय यस प्रतिष्ठानमा निहित हुनेछ। थप जानकारीको लागि प्रतिष्ठानको फोन नं. ०७१५४०१३८ मा सम्पर्क गर्नुहुन।
थ) कोरोनाको जोखिम कायमै रहेकोले स्वास्थ्य सम्बन्धि मापदण्डको पालना गर्न तालिम संचालन हुने स्थानको स्थानिय निकायबाट अनुमति लिएको हुनुपर्नेछ।

कार्यकारी निर्देशक